# २०८२ चैत महिनासम्म जिल्लामा भएको वन डढेलोको अवस्था,क्षति तथा कार्यालयका हालसम्मका प्रयासहरु सम्बन्धि जानकारी


अर्घाखाँची जिल्लामा २०८२ सालको चैत्र महिनासम्म वन वन डढेलोका घटनाहरू देखिएका छन्। डिभिजन वन कार्यालय अर्घाखाँचीले वन डढेलो नियन्त्रणका लागि विभिन्न प्रयासहरू गरिरहेको छ। यस सन्दर्भमा, वन डढेलोका घटनाहरू, तिनले पुऱ्याएको क्षति, र नियन्त्रणका लागि गरिएका प्रयासहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ।


## १. वन डढेलोका घटनाहरू र प्रभावित क्षेत्रहरू

२०८२ सालको चैत्रसम्म अर्घाखाँची जिल्लामा वन डढेलोका घटनाहरू भयानक रूपमा देखिएका छन्। यस अवधिमा जिल्लाका विभिन्न स्थानहरूमा १४ वटा वन डढेलोका घटनाहरू दर्ता भएका छन्। प्रमुख प्रभावित क्षेत्रहरूमा भुमिकास्थान नगरपालिका, पाणिनी गाउँपालिका, मालारानी गाउँपालिका, र सन्धिखर्क नगरपालिका पर्दछन्। विशेष गरी मालारानी, पानडाँडा, सन्धिखर्क, भुमिकास्थन, र जगता लगायतका स्थानहरूमा वन डढेलोका घटनाहरु घटेका छन ।

## २. वन डढेलोबाट भएको क्षति

वन डढेलोका कारण अर्घाखाँची जिल्लामा हालसम्म १३६ हेक्टरभन्दा बढी वन क्षेत्र प्रभावित भएको छ। यसले चार वटा घर र तीनवटा गोठ पूर्ण रूपमा नष्ट भइ पशुचौपायको क्षति भएको छ। यद्यपि मानवीय क्षति हालसम्म भएको छैन। वन डढेलोले वन्यजन्तु, जैविक विविधता, र पर्यावरणीय सन्तुलनमा गम्भीर असर पुऱ्याएको छ। सल्लो प्रजातिका रुखहरू बढी भएको क्षेत्रहरूमा आगो छिटो फैलिने भएकाले जोखिम अझ बढेको छ । चैत्त महिनासम्मको वन डढेलोको स्थिति तलको तालिकामा प्रस्तुत छ।



| सिनं | वन डढेलो भएको क्षत्र | क्षति हेक्टर | घटना संख्या | नियन्त्रण अवधि |
|---|---|---|---|---|
| १ | चौतारा साब शिनपा १३ | ६० | १ | १२ घण्टा |
| २ | सनपा वाङ्ला | ०.५ | १ | २ घण्टा |
| ३ | सनपा म्यूडाडा | ३ | १ | ५ घण्टा |
| ४ | सनपा ढाढ साब | ०.५ | १ | २ घण्टा |
| ५ | सनपा  ढोडेनी आपपाटा रिपहाह साव | २ | १ | ४ घण्टा |
| ६ | रिपाहपाखो पाणिनि ३ | १ | १ | ३ घण्टा |
| ७ | कालिदमार साब सिनपा ११ | १ | १ | २ घण्टा |
| ८ | सिनपा ११ धौलागिरि राब क्षेत्र | १२ | १ | ४ घण्टा |
| ९ | कुचुवादमार चक्ला वन सिनपा | २ | १ | २ घण्टा |
| १० | रानी साब भूनपा | ३ | १ | १० घण्टा |
| ११ | भूनपा २र ३ राब क्षेत्र | २० | १ | ९ घण्टा |
| १२ | चम्पापोखरी साबउस मालारानी ४ | ३ | १ | ९ घण्टा |
| १३ | बसन्तपुर साबउस मालारानी १ | १८ | १ | ११ घण्टा |
| १४ | बारमासे बसेने साब मालारानी २ | १० | १ | ९ घण्टा |
| **जम्मा** | | १३६ | १४ | |

## २.१. गत आव र यस बर्षको तुलना

| बिबरण | वन डढेलोको घटना संख्या | | |
|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ |
| फागुन | २२ | ४ | ० |
| चैत | ५६ | १७ | १४ |

## ३. वन डढेलोको कारणहरू

वन डढेलोका हालसम्मका कारणहरूमा सबै मानवीय लापरवाही प्रमुख देखिएको छन। वन्यजन्तु धपाउने, चुरोटको ठुटो जथाभावी फाल्ने, र घास पलाउछ भन्ने धारणा जस्ता लापरवाहीपूर्ण क्रियाकलापहरूले वन डढेलोको गराइएको देखिन्छ। साथै, बदेलमा देखिने कुना नियन्त्रण गर्ने, बादर धपाउने र खेती किसानीका लागि प्रयोग गरिने आगो पनि वन डढेलो लाग्नुका मुख्य कारण बनेका छन् ।

## ४. डिभिजन वन कार्यालयको प्रयासहरू

डिभिजन वन कार्यालय अर्घाखाँचीले वन डढेलो नियन्त्रणका लागि विभिन्न प्रयासहरू गरिरहेको छः

- **जिल्लाको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना स्वीकृति**: डिभिजन वन कार्यालयले स्थानिय तह डिभिजन वन कार्यालय र सुरक्षा निकायको वन डढेलो नियन्त्रण र व्यवस्थापनमा स्पष्ट भुमिका र कार्यक्रम सहितको योजना तयारी गरि जिल्ला बिपत ब्यबस्थापन समितिको बैठकबाट स्वीकृत गरि कार्यान्वयन भइरहेको।
- **वन डढेलो बिशेष समन्वय बैठकहरू**: पाणिनी गाउँपालिका,भुमिकास्थान नगरपालिका,मालारानी गाउपालिका तथा शितगंगा नगरपालिकासँग वन डढेलो बिशेष डिभिजन वन कार्यालयबीच समन्वय बैठकहरू आयोजना गरिएका छन्, जसमा वन डढेलो नियन्त्रण र वन संरक्षणमा सहकार्य गर्ने निर्णयहरू गरिएका छन् ।
- **वन डढेलो नियन्त्रक यन्त्र मिनिदमकल को ब्यबस्थापन**: यस बर्ष कार्यालयले वन डढेलो नियन्त्रणका लागि मिनि ट्रक खरिद गरि मिनि दमकलकारुपमा ब्यबस्थापन गरि **वन डढेलो नियन्त्रक यन्त्र मिनिदमकल** व्यवस्थापन गरेको छ । जस्ले जिल्लाका सबै स्थानमा छिटो र सहजरुपमा वन डढेलो ब्यबस्थापन गर्न सहज भएको छ । सबै सरोकारवालाहरुबाट यस कार्य प्रशंसा भएको छ।
- **ड्रोनबाट बन डढेलोको निगरानी**: यस बर्ष कार्यालयले ड्रोन खरिद गरि वन डढेलो ब्यबस्थापन र नियन्त्रणमा प्रयोग गरिरहेको छ । खासगरि वन डढेलो नियन्त्रणका लागि निगरानी र अनुगमन तथा क्षतिको बिश्लेषण गर्न ड्रोनको उपयोग भएको छ । दिनहु ड्रोन उडाएर वनको स्थिति मूल्यांङ्कन गर्न र फुटेज संकलन गर्न वन डढेलो फोकल ब्यक्ति केशब खड्काको नेतृत्वमा कर्मचरी नसिव मिया सहितको ड्रोन प्लाइट टिम गठन गरि कार्य भइरहेको छ ।
- **सचेतान सन्देश प्रवाह**:-बिभिन्न तवरका १० वटा जिङ्गलहरु जिल्लाका सबै रेडियो तथा सन्चार माध्यमहरुबाट ब्यापक प्रसारण गरिनुका साथै सचेता सन्देश कार्यालयको सामाजिक सन्जालमा प्रसार भइरहेको छ ।

- **जहाँ पनि बन डढेलो सचेतनाका कुरा**:- जिल्ला स्थित हुने र डिभिजन वन कार्यालयको प्रतिनिधित्व हुने सबै कार्यक्रमहरुमा अनिबार्यरुपममा वन डढेलो सचेतनाका कुरा राख्ने निर्णय भइ सबै कार्यक्रमहरुमा कार्यालयप्रमुख,अधिकृतहरुले वन डढेलो सचेतनाका कुराहरु राखिहाल्ने अभ्यास शुरु गरिएको ।
- **वन डढेलो हेरालू अनिबार्य**:-सामुदायिक वन उपभोक्ता समितिहरुलाइ परिपत्र गरि अनिबार्यरुपमा ५ देखी १० जना ४ महिनाका लागि वन हेरालू राख्न निर्देशन गरि वन हेरालू नियुक्तिको जानकारी माग गरिएको । हाल सम्म ७६ जना हेरालूहरु कार्यरत रहेको जानकारी प्राप्त भएको ।
- **सुरक्षा निकायसँग निरन्तरण समन्वय**:-वन डढेलो नियन्त्रका लागि सुरक्षा निकायहरुसँग नियमित र निरन्तर समन्वय र सहयोग लिने कार्य भइरहेको । सुरक्षा निकाय परिचालन र व्यवस्थापनका लागि बजेट समेत बिनियोजित गरिएको ।
- **१२ सदश्य रहेको वन डढेलो नियन्त्रक दस्ता गठन**:-वन डढेलो नियन्त्रण र प्रतिकार्यका लागि डिभिजन वन कार्यालयमा रहने गरि १२ जनाको दस्ता गठन भइ कार्य गरिरहेको । दस्ताका लागि गाडि र आवश्य उपकरणहरु उपलब्ध गराइएको । दस्ताले दैनिक गस्ति तथा डढेलो सुचना आउनासाथ प्रतिकार्यका लागि खटिने गरिरहेको ।
- **वन डढेलो फोकल फर्सन तथा डेस्क**:-डिभिजन वन कार्यालयमा रहने गरि वन डढेलो नियन्त्रण डेस्क स्थापना गरिएको र आवश्यक समन्वय र कार्य अगाडि बढाउन वन अधिकृत केशब खड्कालाइ फोकल पर्सन नियुक्ति गरिएको ।
- **वन डढेलो नियन्त्रण उपकरणको ब्यबस्थापन**:- **कार्यालयले वन डढेलो निसयन्त्रका लागि आवश्यक उपकर**णहरुको ब्यबस्थापन कार्यालयबाट तथा पुनरउत्थान परियोजनाबाट गरिएको छ । १०० सेट पुग्ने गरि यस्ता सामाग्रीहरु ब्यबस्थापन भएक्रा छन। पुनरउत्थान परियोजनबाट पम्पसेट लगायतका समाग्रीहरु समेत प्राप्त भएको छ ।

# ५. हालसम्मका चुनौतीहरू र २०८३ बैशाख र जेठ महिनाका लागि रणनीतिहरू

वन डढेलो नियन्त्रणमा विभिन्न चुनौतीहरूको सामाना गरियो:

- **स्रोत साधनको अभाव:** सीमित स्रोत साधन र दुर्गम भूगोलका कारण वन डढेलो नियन्त्रणमा कठिनाइहरू छन्।
- **जनचेतनाको कमी र मनोबृति:** जनचेतना र प्रचार प्रसारको ब्यापक हुँदा पनि वनमा धेरै आगलागी भएको छ यसको कारण मान्छेको वनमा डढेलो लाउदा के हुन्छ र भन्ने मनोबृतिले काम गरिरहेको छ ।
- **कानुनी कार्यान्वयनको कमजोरी:** आगो लगाउने व्यक्तिहरूलाई कानुनी कारबाही गर्न कठिनाइहरू छन्।

२०८३ बैशाख र जेठ महिनाका लागि अभलम्वन गरिने रणनीतिहरू निम्नलिखित समावेश गर्न सकिन्छ:

- **जनचेतना अभिवृद्धि:** बैशाख २ देखी २५ वटा उच्चमाबिहरुमा वन डढेलो सचेतना शिक्षा सन्चालन गरिने
- **प्राविधिक स्रोत साधनको वृद्धि:** दमकल, अग्नि नियन्त्रण उपकरण, र तालिमप्राप्त जनशक्तिको प्रभावकारी परिचालन गरिने ।
- **कानुनी कार्यान्वयनको सुदृढीकरण:** आगो लगाउने व्यक्तिहरूलाई कानुनी कारबाही गर्न प्रभावकारी र कडारुपमा प्रस्तुत हुने।
- **सुरक्षा निकायहरुसँग प्रभावकारी समन्वय:** आगो लगाउने व्यक्तिहरूलाई कानुनी कारबाही गर्न तथा वन डढेलो नियन्त्रणका लागि प्रभावकारी समन्वय गरिने ।
- **पातपतिङ्गरबाट मल उत्पादन हुने उद्योगको स्तरउन्नती:** समुहले ब्यबस्थापन गरिरेहको पावरा साबउसमा रहेको पातपतिङ्गरबाट मल उत्पादन हुने उद्योगको थप क्षमता बृद्धिका लागि थप मेसिन सहयोग गरि प्रभावकारिता बृद्धि गरिनेछ ।
- **वन दस्ताको प्रभावकारी परिचालन:** डिभिजनमा रहेको वन डढेलो नियन्त्रक दस्तालाइ प्रभावकारीरुपमा परिचालन गरिने ।

# निष्कर्ष

अर्घाखाँची जिल्लामा २०८२ सालको चैत्रसम्म वन डढेलोका घटनाहरू शुरु भएका छन । गत बर्ष भन्दा घटना संख्या बढि नभएपनि वन डढेलोको प्रकृति भयानक र ठुला छन । डिभिजन वन कार्यालयले विभिन्न प्रयासहरू गरिरहेको भए पनि स्रोत साधनको अभाव, जनचेतनाको कमी, र कानुनी कार्यान्वयनको कमजोरीले चुनौतीहरू कायम छन्। यस बर्ष बन डढेलोका घटना सकेसम्म न्यून गर्ने प्रयासका साथ कार्यालय योजनबद्धरुपमा लागिरहेको छ। दीर्घकालीन समाधानका लागि समन्वित प्रयास, जनचेतना अभिवृद्धि, र स्रोत साधनको सुदृढीकरण आवश्यक छ।

**फोटाहरुः-**

निम्न लिंकमा क्लिक गरि बिषयसँग सम्बन्धित फोटाहरु सुरक्षित गर्न सक्नुहुनेछ
https://www.facebook.com/dfo.arghakhaanchi